नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

प.सं. : २०८२।८३
च.नं. : ७४

सानोठिमी, भक्तपुर
मितिः २०८३/०१/०७

विषयः पाठ्यपुस्तक तथा पाठ्यसामग्री अनुगमन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै)

शैक्षिक सत्र २०८३ का लागि विद्यालय तहमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका तथा सो केन्द्रबाट स्वीकृति प्रदान गरेका पाठ्यपुस्तक तथा पाठ्यसामग्री मात्र विद्यालयहरुमा लागु गर्नुपर्ने, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पृष्ठ सङ्ख्या र मूल्य समेत पाठ्यक्रम विकास केन्द्रको मापदण्ड अनुसार हुनुपर्ने नीतिगत र कानुनी व्यवस्था छ । सो सम्बन्धमा केही प्रकाशनले कानुन उल्लङ्घन गरी बढी मूल्य तोकिएका, कागजको गुणस्तर न्यून भएका र स्वीकृति नै नलिएका तथा मूल्य नै नतोकेका पाठ्यपुस्तक तथा पाठ्यसामग्री बिक्री गरेको तथा विद्यालयहरुले प्रयोग गर्न लागेको गुनासो प्राप्त भएको छ । नेपाल सरकारको नीति र कानुन विपरीत कार्य गरी बालबालिका र अभिभावकलाई अतिरिक्त बोझ दिने, गुणस्तरहीन सामग्री प्रकाशन र वितरण गर्ने, विद्यालयहरुबाटै पोशाक, पाठ्यपुस्तक स्टेशनरी बिक्रीवितरण गर्ने जस्ता कार्यहरु भए/नभएको स्थानीय तहसँगसमेत समन्वय तथा अनुगमन गरी कारवाही गर्नु/गराउनु हुन र सोको जानकारी यस केन्द्रमा पठाउनुहुन अनुरोध छ ।

डा. श्याम प्रसाद आचार्य
निर्देशक

<u>बोधार्थ:</u>
श्री स्थानीय तह **(सबै)**

फोन : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स : ६६३१९७२, ६६३१९७३, ६६३३६२५
Website: www.doe.gov.np, e-mail: doestat@mos.com.np, doedg@mos.com.np